विधेयक सङ्ख्या :

# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

## उद्देश्य र कारण

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेको छ । नेपालको संविधानको धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धी हकको संरक्षणको लागि आवश्यक पर्ने जनशक्ति स्वदेशमै अझ बढी उत्पादन गरी स्वास्थ्य सेवा तर्फको पहुँच वृद्धि गर्नु परेको छ । राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धी संघीय कानूनमा नेपाल सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गराउनको लागि चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । सोको सार्थकताको लागि तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापनद्वारा मानवस्रोत विकास गरी सर्वसाधारण जनतालाई सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुर्‍याउन चिकित्सा शिक्षा तर्फ छुट्टै विश्वविद्यालय आवश्यक भएको छ।

चिकित्सा शिक्षाको अध्ययन अध्यापनमा गुणस्तरियता कायम गर्दै स्वदेशमै यसको अध्ययन अध्यापनको प्रभावकारितामा वृद्धि गरी देशका सबै क्षेत्रमा सन्तुलित रुपमा शैक्षिक जनशक्ति उत्पादन गरी नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी सन्तुलित विकास, अवसरको वृद्धि र सुलभ रुपमा उपचार प्रदान गर्न आवश्यक व्यवस्थाको लागि सम्बन्धन दिन नपाउने गरी सरकारी विश्वविद्यालयको रुपमा "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय" को स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक संघीय संसदमा पेश गर्नु परेको हो ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि
मन्त्रालय

# आर्थिक टिप्पणी

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विश्वविद्यालयको संगठन, पदाधिकारीको व्यवस्था गरिएको छ । विश्वविद्यालयको आफ्नै कोष हुने, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम, अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम, समकक्षता तथा स्तर निर्धारण गर्दा प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान रकम, अन्य स्रोतबाट प्राप्त रकम यस कोषमा रहने व्यवस्था गरिएको छ।

विश्वविद्यालयका भौतिक संरचनातर्फ मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिबाट साना ठूला गरी ५३ भौतिक संरचना निर्माण गरी सकिएको र यी भौतिक संरचनामा नै केन्द्रीय कार्यालय, शिक्षण अस्पताल सहितका प्राज्ञिक तथा स्वास्थ्य सेवा तर्फका कार्यक्रम सञ्चालन हुने भएकोले भौतिक संरचना निर्माणतर्फ थप दायित्व सिर्जना हुने देखिदैन । तथापि नयाँ संगठन संरचनाको स्थापना, शैक्षिक तथा भौतिक उपकरण र स्वास्थ्य तर्फका उपकरण खरिद सहितका प्रारम्भिक कार्यमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्न जाने हुन्छ। तत्कालको लागि आर्थिक दायित्व पर्न जाने भए तापनि दीर्घकालमा विश्वविद्यालय र यसका संगठन संरचनाको आम्दानीबाट समग्र विश्वविद्यालय सहज, सरल र मितव्ययी रुपमा सञ्चालन हुन सक्ने देखिन्छ। विश्वविद्यालयले स्वास्थ्य उपचार र अनुसन्धानका माध्यमले आर्जन गर्ने आर्थिक उपार्जनले विश्वविद्यालय भविष्यमा प्रभावकारी रुपमा सञ्चालन हुने अपेक्षा गर्न सकिन्छ।

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय